# निर्वाचन सुरक्षा (व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९

निर्वाचन आयोगबाट स्वीकृत मितिः
२०७९।०७।०६

**प्रस्तावनाः** निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “निर्वाचन सुरक्षा (व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ४ मा संशोधनः** निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"४. **संयुक्त निर्वाचन सञ्चालन केन्द्र** : (१) आयोगमा निर्वाचन अनुगमन निर्देशिका, २०७९ बमोजिम गठन हुने देहाय बमोजिमको संयुक्त निर्वाचन सञ्चालन केन्द्र रहनेछः-

(क) सचिव, आयोग -संयोजक
(ख) सहसचिव, प्रशासन महाशाखा, आयोग -सदस्य
(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), गृह मन्त्रालय -सदस्य
(घ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), नेपाली सेना -सदस्य
(ङ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), नेपाल प्रहरी -सदस्य
(च) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), सशस्त्र प्रहरी बल, नेपाल -सदस्य
(छ) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह), राष्ट्रिय अनुसन्धान विभाग -सदस्य
(ज) उपसचिव, प्रशासन शाखा, आयोग -सदस्य
(झ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य-सचिव"

निर्वाचन आयोग, नेपाल